bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY




वर्ष ४१ अंक १७७ | २०७८ कात्तिक १६ गते मंगलबार, नेपाल सम्वत् ११४१ November 02, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**बासैबासको घर :** तनहुँको व्यास नगरपालिका-११ को रामथुम्कीमा निर्माण गरिएको बासको घर । स्थानीय मित्र दुराले गाउँघरमै पाइने बाँसको प्रयोग गरी आकर्षक बम्बो कटेज निर्माण गरेका छन् । कटेजमा अहिले आन्तरिक पर्यटकको भीड लाग्ने गरेको छ ।

*तस्विर : निशा थापा मगर/भञ्ज्याङ*

# व्यास १ को वडा कार्यालयको सेवा आफ्नै भवनबाट सुरु

**भञ्ज्याङ समाचारदाता/**दमौली

तनहुँको व्यास नगरपालिकाले वडा नं. १ को वडा कार्यालय भवन उद्घाटन गरिएको छ । नगरप्रमुख बैकुण्ठ न्यौपानेले एक सेवाग्राहीलाई सेवा दिन सहज हुने विश्वास व्यक्त गरे । व्यास-१ को वडा भवन निर्माण सम्पन्नसंगै व्यास नगरपालिका मातहतमा रहेका १४ वटै वडाहरू भाडामुक्त बनेको उनले बताए ।



कार्यक्रमका बीच सोमबार उद्घाटन गरी वडा कार्यालयको काम आफ्नै भवनबाट शुभारम्भ गराएका हुन् । नगरप्रमुख न्यौपानेलेले भवन निर्माणसंगै अब आफ्नै भवनबाट

नगरपालिकाले बजेट बिनियोजनमा सबै वडालाई समानुपातिक ढंगले बितरण गरेर वडा भवन निर्माण कार्यलाई तीब्रता

*बाँकी आन्तिम पेजमा*

# जलवायु परिवर्तनका कारकतत्व न्यूनीकरणमा हामी सचेत हुनुपर्छ : राष्ट्रपति भण्डारी

**नवीन लामिछाने/**मनाङ

राष्ट्रपति विद्यादेवी भण्डारीले जलवायु परिवर्तन र वातावरणलाई प्रत्यक्षरूपमा असर गर्ने कारकतत्वको न्यूनीकरणका लागि मानव जाति सचेत हुनुपर्ने बताउनुभएको छ । सोमबार



मनाङ भ्रमणको क्रममा स्याउ खेतीको अवलोकन गर्नुहुँदै राष्ट्रपति विद्यादेवी भण्डारी ।

*तस्विर : रासस*

मनाङमा एग्रो मनाङ प्रालि स्याउ फार्मको अवलोकनपछि सफा रहेको मनाङको वातावरणीय स्वच्छतालाई जोगाइराख्न र जलवायु परिवर्तनका कारकतत्वको पहिचान गरी तिनको न्यूनीकरण गर्न स्थानीयवासीको मुख्य भूमिका रहने बताउनुभयो ।

वातावरणीय सन्तुलन कायम राख्न वनजंगल र वनस्पतिको महत्वपूर्ण योगदान रहने भन्दै यसका लागि मानव जातिको मुख्य भूमिका रहेको र सबैले मिलेर वातावरण जोगाएमात्र मानव जातिको अस्तित्व जोगिन्छ भन्ने चेतना र अठोटका साथ लाग्नुपर्ने राष्ट्रपति भण्डारीले बताउनुभयो । गत असार १ गते आएको बाढीपहिराका कारण हिमाली जिल्ला मनाङलाई तहसनहस बनाउँदा दुखित तुल्याएको उहाँले बताउनुभयो । "मौसम अनुकूलताका आधारमा गरिएको खेती तथा व्यवसायले व्यक्ति र देशलाई आर्थिक समृद्धितर्फ अगाडि बढाउन सहयोग पुग्ने राष्ट्रपति भण्डारीले बताउनुभयो।

विश्वभर जलवायु परिवर्तनले असर गरिरहेको अवस्थामा नेपाल पनि अछुतो नरहेको बताउँदै राष्ट्रपति भण्डारीले यसका कारकहरूको न्यूनीकरणमा लाग्न सबैलाई आग्रह गर्नुभयो । जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्ष देखिएको उहाँले बताउनुभयो। जलवायु परिवर्तनले हिम रेखामाथि सर्दै गएको र यसलाई यथास्थितिमा कायमै राख्न यहाँ मौसम अनुकूलनका उत्पादन र प्राकृतिक सम्पदाको संरक्षणमा ध्यान पुऱ्याउनुपर्ने देखिएको उहाँको भनाइ थियो । हिमाली क्षेत्रमा उत्पादन हुने वस्तु र प्राकृतिक वस्तुको संरक्षणमा यहाँका बासिन्दाले प्राथमिकता दिनुपर्नेमा उहाँको जोड थियो ।

विश्वका ठूला देशहरूका कारण त्यसको असर हामीले भोग्नुपरिरहेको छ भन्दै राष्ट्रपति भण्डारीले मानव जातिकै लागि हामीहरूले पनि विश्वलाई सचेत गराइरहनुपर्ने बताउनुभयो । उहाँले आजदेखि स्कटल्याण्डमा सुरू हुन लागेको जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन र त्यसमा नेपालको प्रतिनिधित्वको स्मरण पनि गर्नुभयो।

*बाँकी तेश्रो पेजमा*






## सम्पादकीय ..........

# लयमा बन्दिपुर

कोरोना कहरको चपेटामा परेको तनहुँको पर्यटन क्षेत्र विस्तारै लयमा फर्कन थालेको छ । नेपालीका ठूला चाडपर्व दसै, तिहार, छठसंगै पर्यटकीय सिजन पनि सुरू भएकाले अहिले तनहुँका पर्यटकीय स्थलहरूमा आन्तरिक पर्यटकहरूको चहलपहल बढेको छ । पहाडकी रानीको उपनामले परिचित बन्दिपुरमा वाह्य पर्यटकको पनि आगमन हुन थालेसंगै व्यवसायीहरू उत्साहित बनेका छन् । कोरोना संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएको बन्दाबन्दी, निषेधाज्ञाले पर्यटन क्षेत्र पनि नराम्रोसंग थल पऱ्यो । अहिले कोरोना संक्रमण दर केही घट्दै गएको र खोपको दायार पनि बढ्दै गएपछि होटल तथा पर्यटन क्षेत्र खुल्दै गएका छन् । पर्यटकीय नगरी बन्दिपुर पनि कोरोनाको चपेटामा नराम्रोसंग पऱ्यो । कोरोना संक्रमण फैलिएसंगै बन्द भएका यहाँको पर्यटकीय गतिविधि विस्तारै लयमा फर्कन थालेका छन् । पाहुनाको स्वागतमा आतुर रहने बन्दिपुर करिब तीन वर्ष पूर्णरूपमै बन्द हुन पुग्यो । गत असार महिना यता निषेधाज्ञा खुकुलो भएपनि बन्दिपुरमा पर्यटक नपुग्दा निराश बनेका पर्यटन व्यवसायीहरू दसैं पर्वसंगै आन्तरिक पर्यटकको आगमनले भने उत्साहित बन्न थालेका छन् । छिटफुट वाह्य पर्यटकसंगै आन्तरिक पर्यटक आउने क्रम बढेकाले सुरक्षित र व्यवस्थित रूपमा व्यवसायलाई अगाडि बढाउन व्यवसायीहरू लागि परेका छन् ।

बन्दिपुरमा दसैंको फुलपातीदेखि पर्यटकको संख्या बढेको छ । आन्तरिक पर्यटकको चापसंगै विदेशी पर्यटक पनि देखिन थालेका छन् । विदेशी पर्यटकमा भारतीय बढी छन् । विदेशी पर्यटकले पनि छिटफुट बन्दिपुरका होटल अग्रिम बुकिङ गर्न थालेका छन् । पहिलो चरणमा कोरोनाको जोखिम बढेपछि २०७६ चैत्रदेखि बन्दिपुरको पर्यटन सुस्ताएको थियो । गत वर्षको दसैंपछि बन्दिपुरको पर्यटन चलायमान हुँदैगर्दा दोस्रो लहरको कोरोना फैलिएर गत बैशाखदेखि फेरि बन्द हुन पुगेको थियो । बन्दिपुरमा पर्यटन लक्षित व्यवसायका लागि करोडौं रूपैयाँ लगानि भएको छ । होटल तथा भौतिक पूर्वाधारमा ठूलो लगानि गरेपनि कोरोना कहरको चपेटामा पर्दा बैंकको ऋण तिर्न नसकेको व्यवसायीहरूको गुनासो छ । सरकार तथा सरोकारवाला निकायले कर तथा बैंक ऋण चुक्ता गर्ने समयअवधि थप जस्ता सहुलियत दिए राहत पुग्ने व्यवसायीको माग छ । कोरोनाको प्रभावले बन्दिपुरको पर्यटन थला पर्दा व्यवसायीलाई बैंकको ऋण र घरभाडा तिर्न धौधौ भएको बताउँछन् । बैंकको ऋण र घर भाडा तिर्न नसक्दा कतिपय होटल व्यवसायी पलायन पनि भएका छन् । अहिले देखिएको पर्यटकको चापले बैंकको ऋण र घरभाडा तिर्न केही सहज हुने आशामा व्यवसायी छन् ।

यस्तै, पर्यटन क्षेत्रलाई सुरक्षित र सहज बनाउने योजनामा बन्दिपुर गाउँपालिकाले पनि आवश्यक छलपल गरी योजना बनाउँदै अगाडि बढेको छ । व्यवसायीहरूले कर छुटको माग गरेपनि आन्तरिक आम्दानी न्यून रहेका कारण त्यसका विषयमा छलफल भइरहेको र गाउँपालिकाले व्यवसायीहरूलाई राहत दिन व्यवसायीक हित कोष स्थापना गर्ने तयारी गरेको छ । पर्यटक बढिरहेको समयमा बन्दिपुर कोरोनाबाट सुरक्षित भएको प्रचासप्रसार गरेर घुम्न आउनलाई निम्तो बाँड्ने तयारीमा पनि बन्दिपुरेले योजना बनाएका छन् । बन्दिपुरमा साना ठुला गरी करिब ७० बढी होटल रेस्टुरेन्ट सञ्चालनमा छन् । आसपासका गाउँहरूमा आधादर्जन बढी होमस्टे सञ्चालनमा छन् । ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा रहेको तनहुँका पर्यटकीय स्थलहरूमा अहिले आन्तरिक पर्यटकहरूको चहलपहल बढ्दै गएको छ । गाउँगाउँमा सञ्चालित होमस्टेहरूमा पनि यतिबेला आन्तरिक पर्यटकहरू पुग्दा थला परेको पर्यटन व्यवसाय विस्तारै लयमा फर्कन थालेका छन्।

# सुरक्षित भविष्यको मार्ग खोज्दै कोप २६

**कृष्ण अधिकारी**

स्कटल्याण्डको ग्लास्गोमा जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको २६औं सम्मेलन (कोप २६) हिजोदेखि शुरु हुँदै गर्दा विश्वभरका वातावरणवादीको ध्यान यसतर्फ केन्द्रित भएको छ । जलवायु परिवर्तनको असर न्यूनीकरण तथा त्यससम्बन्धी कार्यहरूको ठोस निर्णय गर्ने महत्वपूर्ण थलोको रूपमा रहेको कोप–२६ विश्वकै जलवायु नीति र कार्ययोजना तर्जुमा तथा विगतमा गरिएका प्रतिवद्धताहरूको समीक्षा गर्ने महत्वपूर्ण अवसर पनि हो । यस सम्मेलनलाई विश्वका सञ्चार माध्यमहरूले पनि निकै महत्वका साथ समाचार सम्प्रेषण गरिरहेका छन् । इटालीसँगको सहकार्यमा बेलायतको आयोजनामा अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म सञ्चालन हुने यस सम्मेलनमा हरित गृह ग्यासको मात्रा बढी उत्पादन गर्ने विकसित मुलुकदेखि कम उत्पादन गर्ने नेपालजस्ता राष्ट्रको पनि सहभागिता रहेको छ । हरेक वर्ष आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना सम्झौता (यूएनएफसीसीसी) का पक्ष राष्ट्रहरूको यसपटकको सम्मेलनमा १२० बढी देशको सहभागिता रहेको छ । विश्वमा राष्ट्र तथा सरकार प्रमुखहरूले सम्बोधन गर्ने भएकाले पनि उनीहरूबाट व्यक्त धारणाले विशेष महत्व राख्दछ ।

कोप २६ लाई पेरिस सम्झौतापछिको महत्वपूर्ण सम्मेलनका रूपमा हेरिएको छ । सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा भएको सम्झौताका बेला हरेक ५ वर्षमा पक्ष मुलुकहरूले गरेका प्रगतिबारे समीक्षा गर्ने सहमति भएपनि विश्वभरी कोभिड संक्रमणका कारण यो सम्मेलन अघिल्लो वर्ष (सन् २०२० मा) हुन नसक्दा यसपटक गम्भीर समीक्षा हुनेछ । पेरिस सम्झौतामा विश्वको तापमान १.५ डिग्री सेल्सियसभन्दा माथि बढ्न नदिनेलगायत विभिन्न प्रतिवद्धताका बारेमा यस सम्मेलनमा बहस हुनेछ। साथै, यस सम्मेलनले शताब्दीको मध्यसम्ममा देशहरूलाई शून्य उत्सर्जन (नेट जिरो) मा पुग्न प्रतिबद्ध बनाउने अपेक्षा गरिएको छ । त्यसका लागि सन् २०३० भित्र तीव्र रूपमा कार्बन उत्सर्जन कटौती गर्नुपर्ने हुन्छ । जलवायु परिवर्तनका कारण हरेक वर्ष गम्भीर प्रकृतिका जलवायुजन्य घटनाहरू बढ्दो क्रममा देखिएका छन् । पछिल्लो केही वर्षमा देखिएका अत्यधिक वर्षा, डढेलो, अत्यधिक गर्मी, खडेरीसहितका गतिविधिहरू जलवायु परिवर्तनका कारण सिर्जित भएको संयुक्त राष्ट्रसंघ अन्तर्गतको जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (आइपिसिसी)ले केही समयअघि सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ। यसमा अहिलेकै किसिमले कार्बन उत्सर्जन कायम रहे सन् २०४० अगावै विश्वको तापक्रम १.५ डिग्री सेल्सियसले बढ्ने बैज्ञानिकहरूले चेतावनी दिएका छन् । तापक्रम वृद्धिका कारण हिमालय क्षेत्र, हिमताल, हिमनदी पग्लिने, अनियन्त्रित डढेलो, चट्याङ तथा अधिक वर्षा र बेमौसमी वर्षाजस्ता चरम मौसमी गतिविधि बढेको आइपिसिसीको प्रतिवेदनमा उल्लेख छ । जलवायु परिवर्तनको संकट गहिरिँदो गएको र भोलिका दिनमा यस्ता घटना अझ बढ्दै जाने भएकाले अनुकूलन र जुध्ने उपाय अपरिहार्य भएको छ ।

सन् २०३० सम्मका उत्सर्जन कटौतीका लागि विश्वका नेताहरूले महत्वाकांक्षी प्रतिबद्धताको अपेक्षा रहेको एलडिसीले उल्लेख गरेको छ । सन् २०५० सम्ममा खुद शून्य उत्जर्सन प्राप्तिका लागि पनि दीर्घकालीन रणनीति आउनुपर्नेमा जोड दिएको छ । विश्वका नेताहरूले आफूले विगतमा गरेको प्रतिबद्धता र तिनीहरूको योजनागत–नीतिगत हुँदै कार्यगत अवस्था विश्लेषण गरी भावी मार्ग बनाउनुपर्ने एलडिसीले जनाएको छ । अतिकम विकसित देशमा बस्ने अर्बौ मानिसको जीवन जोडिएकाले उत्सर्जन कटौती, खनिज इन्धनको विकल्प तथा हरित ऊर्जा सुरक्षित र स्वच्छ भावी विश्वका लागि अत्यावश्यक रहेको उल्लेख गरिएको छ ।

जलवायु परिवर्तनको कारक विश्वव्यापी तापमान वृद्धिलाई सहयोग गर्ने हरितगृह ग्यास उत्सर्जनमा निकै कम भूमिका रहे पनि जलवायु परिवर्तनको नकारात्मक प्रभाव अतिकम विकसित देशहरूले भोग्नु परेकाले यसलाई सम्बोधन गर्ने पक्षमा कोप–२६ सकारात्मक हुने आशा गरिएको अति कम विकसित राष्ट्रहरूको समूह–एलडिसी)का अध्यक्ष सोनाम पी वाङ्डीले आशा व्यक्त गरेका छन् । अहिले नै विभिन्न जलवायुजन्य विपद्हरू बढ्दै जानु, समुद्र सतह वृद्धि हुने, भोकमरीको समस्या देखा पर्नुलगायतका विभिन्न समस्याहरू टड्कारो रूपमा देखिनुले गरिब तथा अति कम विकसित देशहरू ठूलो मारमा परेको बताउँदै उनले भनेका छन्, "हाम्रो अस्तित्व या जीवनका लागि विकसित तथा ठूला देहरूले जलवायु वित्तमा लगानी वृद्धि गरी सहयोग गर्नुको विकल्प छैन । अब कार्य गर्नुपर्छ । काम गर्न ढिलाइ भयो भने एलडिसी मुलुकहरूले अझ बढी पीडा र विनासको सामना गर्नुपर्ने देखिन्छ।"




सन् २०२० देखि विकसित मुलुकले विकाशोन्मुख मुलुकलाई प्रत्येक वर्ष सय विलियन जलवायु वित्तमा उपलब्ध गराउने निर्णय भए पनि त्यो प्रतिवद्धता पूरा हुन सकेको छैन। यस विषयमा पनि यस सम्मेलनमा कुरा उठ्ने भएको छ । विकसित देशले दिएको यस बाचा पूरा गराउन कोप २६ का अध्यक्ष तथा बेलायती सांसद आलोक शर्माको नेतृत्वमा सन् २०२३ सम्म प्रतिवद्धताअनुसारको आर्थिक सहयोग जुटाउन पहल गरिने भएको छ । नेपालसहित एलडिसि मुलुकहरु र टापुजन्य मुलुक तथा भलनरेबल समुहको समुहले हानी नोक्सानी र क्षतिका लागि वित्त व्यवस्थापन र अलग्गै संयन्त्र तयार गर्न विकसित मुलुकहरु तत्पर हुनुपर्नेमा जोड दिने भएका छन् । पेरिस सम्झौताको धारा ८ मा पक्ष मुलुकहले जलवायु परिवर्तनका प्रतिकुल प्रभावसँग सम्वन्धित हानी नोक्सानीका साथै विषम मौसमी घटना तथा विस्तारै देखा पर्ने घटनाहरु रोक्ने, कम गर्ने तथा तिनीहरूलाई सम्बोधन गर्ने आवश्यकता र हानी नोक्सानी न्यूनीकरण गर्ने उल्लेख भएअनुसार नै यस विषयलाई प्रमुखताका साथ उठाउन लागिएको हो । एक महिनाअघि भएको एलडिसी मुलुकका मन्त्रीहरूको उच्चस्तरीय बैठकले कोप २६ मा जलवायुजन्य हानि नोक्सानी र क्षतिको मुद्दालाई प्राथमिकता दिनुपर्ने साझा धारणा तय गरेका थिए । एलडिसीमा नेपालसहित ४६ मुलुक छन्। दुई वर्षअघि स्पेनको म्याड्रिडमा भएको कोप २५ मा पनि एलडिसीले जलवायुजन्य क्षति र हानी नोक्सानीको मुद्दालाई प्राथमिकतामा राख्नुपर्ने आवाज उठाएको थियो ।

जलवायु परिवर्तनको प्रत्यक्ष र उच्चतम विषम घटनाको जोखिमको सबैभन्दा पहिलो लहरमा अतिकम विकसित तथा विकासशील देशहरू छन् । जलवायु परिवर्तनले निम्त्याएका बाढी पहिरो, खडेरी, डढेलोसहितका विपद्का घटनाहरूको जोखिम सबैभन्दा चाँडो र बढी असर यिनै देशहरूमा परिरहेको छ । त्यसैले जलवायु परिवर्तनको जोखिम न्यूनिकरण तथा अनुकूलन प्रयासका लागि आफूसँग आवश्यक स्रोत नभई अधिकांश रूपमा विकसित धनी देशमा निर्भर रहेको नेपालसहितका अतिकम विकसित देशका लागि छिटो–छिटो र सघन बन्दै गएका जलवायुजन्य हानी–नोक्सानीको विषय थप र टड्कारो समस्याका रूपमा अगाडि आएको छ। न्यूनीकरण र अनुकूलनसँगै हानी–नोक्सानीको मुद्दालाई पनि यस सम्मेलनमा प्रमुख मुद्दाका रूपमा स्थापित गरी आवश्यक सम्बोधन हुनु पर्ने देखिन्छ । विश्वव्यापीरूपमै जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव देखिन थालेपछि विश्वका बैज्ञानिकहरू मात्र नभई नेताहरू पनि गम्भीर देखिन थालेका छन् । कोप २६ को पूर्वसन्ध्यामा इटलीको राजधानी रोममा गत शनिबार र आइतबार भएको जी २० को शिखर सम्मेलनमा पनि यसप्रति गम्भीर चिन्ता व्यक्त भएको छ । विश्वका प्रभावशाली मुलुकसहित १९ देश र युरोपेली संघका प्रतिनिधिहरू सहभागी सम्मेलनको दोस्रो दिन आइतबार 'जलवायु परिवर्तन र वातावरण' र 'दिगो विकास' मा केन्द्रीत भएको थियो । जलवायु परिवर्तनबाट सिर्जित समस्याको न्यूनीकरणका लागि अमेरिका–चीनलगायत अन्य देशहरूले विशेष ध्यान दिएका छन् । विश्वमा हुने ४० प्रतिशत कार्बन उत्सर्जन गर्ने चीन र अमेरिकाको हिस्सा रहेको छ ।

हालै बिबिसीसँगको एक अर्न्तवार्तामा बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले जलवायु परिवर्तनलाई मानवताका लागि सबैभन्दा ठूलो खतराको रूपमा रहेका बताएका छन् । यसले सभ्यतालाई नै पछाडि धकेल्न सक्ने सम्भावना रहेको बताउँदै उनले सही उपायहरू अपनाएर तापमान वृद्धिलाई रोक्न सकिने अवस्था अझै रहेकाले यसतर्फ ढिलाइ गर्न नहुने धारणा राखेका थिए । कोप २६ पेरिस सम्झौता कार्यान्वयनका लागि कोशेढुंगा बन्नुपर्नेमा विश्वका अन्य नेताहरूको पनि एकमत रहेको छ । आइपिसिसीको रिपोर्टले दिएको चेतावनीलाई संकेतका रूपमा लिंदै जलवायु एक्सनका लागि ढिलो भइसकेको जोन्सनको भनाइ छ। १.२ बिलियन मानिसहरूको प्रतिनिधित्व गर्ने फोरममा अफ्रिका, एशिया, क्यारिबियन, ल्याटिन अमेरिका र प्रशान्तका देशहरूले पनि विश्वको बाँकी भागलाई यस शताब्दीमा १.५ डिग्री सेल्सियसमुनि राख्ने विचारलाई स्वीकार गर्न दबाब दिएका छन् । झण्डै दुई हप्तासम्म हुने बहस र त्यसबाट निस्कने निस्कर्षले आगामी दिनमा सुरक्षित विश्वको भविष्य निर्धारण गर्न मार्गप्रशस्त गर्ने नै छ । त्यो भन्दा पनि महत्वपूर्ण विश्वका सबै मुलुकहरू साझा मुद्धामा एकजुट भई समाधान निकाल्न सक्छन् भन्ने उदाहरण देख्न पाइने आम समुदायको आशा र विश्वासमा कुनै चोट पुग्ने छैन । रासस (एजेन्सीहरूको सहयोगमा)

# एपेक्स मलमा क्युएफएक्स शुरू

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको दमौलीमा आधुनिक मल एपेक्स मलमा क्युएफएक्स सिनेमा शुरू भएको छ। मलले सोमबार एक विशेष शोको आयोजना गरी




क्युएफएक्स सिनेमा शुरू गरेको हो । नेपालीहरूको महान पर्व दिपावलीको अवसरमा मलले पत्रकारलक्षित शो गरेर मल अब पूर्ण सञ्चालनतर्फ अघि बढेको जानकारी दिएको छ । मलको सञ्चालक संस्था एपेक्स मल्टिप्लेक्सका प्रवन्ध निर्देशक गणेश श्रेष्ठले दमौली मात्र नभएर आसपासमै अत्याधुनिक सुविधासहित मलमा क्युएफएक्स सिनेमा सञ्चालनमा आएको जानकारी दिए । अब मलमा क्युएफएक्समा रिलिज हुने कलिउड, बलिउड तथा हलिउडका चलचित्र प्रदर्शन हुने उनले जानकारी दिए । मलमा दुई हलमा छुट्टाछुट्टै चलचित्र प्रदर्शनमा आउनेछन् । मलका आन्तरिक व्यवस्थापक उज्वल भट्टराईले चलचित्र नियमित प्रदर्शनमा आउने र मलको स्टलहरूमा समेत व्यवसाय सञ्चालनमा ल्याउने तयारी भएको बताए। उनका अनुसार ४५ स्टल रहेको मलमा ब्राण्डेड स्वदेशी तथा विदेशी कपडाका अलावा ईलेक्ट्रोनिक्स ब्राण्ड बिक्री हुनेछन् । लिफ्ट तथा एस्केलेटरसहितको दमौलीकै ठूलो व्यवसायिक मलले व्यापार प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छ ।

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मिहिनेतीहरूलाई सामान्य फाइदा भइरहनेछ । साँझदेखि स्थितिमा सुधार आउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
अरूका लागि बुद्धि र श्रम खर्चनुपरे पनि मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
आवश्यक भौतिक साधन सजिलै जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
ज्ञान, कला र व्यक्तित्वमा निखारता आउनाले पुरूषार्थी काम गर्ने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
पहिलेका कामबाट पनि प्रशस्त लाभ हुनेछ । उठ्नुपर्ने रकम हातलागी हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। खानपान एवं मनोरञ्जनमा रमाउने समय छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा–व्यवसायमा पनि फाइदा हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभाव देखापर्नेछ । काम बिग्रने भयले सताउनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । साँझतिर सामाजिक दायित्व हातलागी हुनेछ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रुहरु किनारा लाग्नेछन्। प्रतिस्पर्धामा विजयी भइनेछ ।

# गण्डकी प्रदेशमा २६७१ सहकारी, उद्यमशीलताको विकास हुँदै

**हरि बाँस्तोला**/गण्डकी

गण्डकी प्रदेशमा २६७१ सहकारीमार्फत आर्थिक गतिविधि सञ्चालन भएको एक प्रतिवेदनले देखाएको छ । सहकारिताको मुख्य लक्ष्यका साथ देशभर सहकारी खोल्ने क्रम बढिरहँदा प्रदेशभित्र ठूलो संख्यामा सहकारी रहनुका साथै धेरै सर्वसाधारणको सहकारीमा आकर्षण बढेको पाइएको हो । सामान्य ऋण सहयोगका लागि साहुका घरघर गुहार्नुपर्ने बाध्यतालाई सहकारीले अन्त्य गर्नुका साथै त्यसबाट उद्यमशीलतामा समेत वृद्धि भएको पाइएको छ । प्रदेशमा सहकारीकै माध्यमबाट प्रत्यक्षरूपमा ७६३८ जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्षरूपमा ठूलो संख्याका सर्वसाधारण स्वरोजगार बनेको देखिन्छ । पछिल्लो समयमा कतिपय सहकारीको संख्यासमेत वृद्धि भएको छ ।

सहकारीकै माध्यमबाट बैंकको पहुँचमा पुग्न नसकेका व्यक्ति आत्मविश्वासका साथ आर्थिक गतिविधिमा संलग्न भएको जिल्ला सहकारी संघ कास्कीका निवर्तमान अध्यक्ष सुदीप ढकालले जानकारी दिनुभयो । कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेडले दुईदिने क्षमता अभिवृद्धि तालिममा उहाँले सहकारीको विकाससँगै समाजमा आर्थिक समस्याकै कारण पिछडिएका वर्ग र समुदाय ओझेलमा परिरहेको वास्तविकतामा यतिखेर उनीहरु निर्धक्कताका साथ आर्थिक गतिविधिमा सामेल हुने गरेको बताउनुभयो ।

राज्यका निर्दिष्ट कानुनको पालनका साथै सञ्चालकहरु जिम्मेवार नबन्दा कतिपय सहकारी धरासयी बनेको जनाउँदै उहाँले दुःख गरेर बचाएको सर्वसाधारणको पूँजीलाई सुरक्षित बनाउनु सञ्चालकहरूको कर्तव्य रहेको उल्लेख गर्नुभयो। सहकारी सङ्घका पदाधिकारी, सञ्चालक तथा विभिन्न उपसमितिका संयोजक तथा सदस्यका लागि आयोजित तालिमका सहभागीलाई प्रशिक्षण दिँदै उहाँले सहकारीले बचत संकलन र ऋण प्रवाहभन्दा शेयर सदस्यकाे जीवनस्तर उकास्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो।

"गण्डकी प्रदेशमा दुई हजार ६७१ सहकारी संस्थामा कूल ११ लाख १६ हजार ६३२ शेयर सदस्यमध्ये छ लाख ४२ हजार १३० महिला तथा चार लाख ४७४५०५ जना पुरूष संलग्न रहेको प्रशिक्षक ढकालले बताउनुभयो । तथ्याङ्कानुसार प्रदेशमा कूल रू ८६ अर्ब सात करोड ४५ लाख ७१ हजार ६९३ निक्षेप संकलन छ भने रू ८८ अर्ब ३७ करोड ८० लाख ६१ हजार ४३३ ऋण लगानी रहेको छ । रू १४ अर्ब ६७ करोड ३४ लाख ५७ हजार ६५३ स्थिर सम्पत्ति रहेको छ ।

मुलुकको संघीय सरकारको मातातहतका १२५, प्रदेशअन्तर्गत छ हजार २०० र स्थानीय २३ हजार ७५९ गरी कूल ३० हजार ८४ वटा सहकारीमा ७३ लाख सात हजार ४६२ शेयर सदस्य रहेका छन् । जसमा महिलाको सङ्ख्या ५६ प्रतिशत रहेको छ । शेयर पूँजी रू ९४ अर्ब १० करोड ५० लाख १५ हजार ८०३, रू चार खर्ब ७७ अर्व ९६ करोड ११ लाख ४६ हजार ४७३ बचत सङ्कलन रहेको सहकारी संस्थामार्फत सदस्यहरूलाई रू चार खर्ब २६ अर्ब २३ लाख ११ हजार ३८१ लगानी भएको छ । सहकारीमार्फत मुलुकमा उद्यमशीलताको विकाससँगै ८८ हजार ३०९ जनाले प्रत्यक्ष रोजगारीसमेत प्राप्त गरेको तथ्याङ्कमा उल्लेख छ ।




कास्की बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष भेषराज बरालले तालिमबाट सिकेको ज्ञानलाई आफूआवद्ध रहेको सहकारीमा लागू गर्न सकेमात्र पनि तालिमले सार्थकता पाउने विश्वास व्यक्त गर्नुभयो । सहकारी संस्था नीति, विधिका आधारमा सञ्चालन हुनुपर्ने बताउँदै उहाँले एक सहकारी एक उत्पादन, एक व्यक्ति एक सहकारी अक्षरशः पालना गर्दै प्रत्येक सहकारीका सञ्चालकले लाभांश वितरणलाई भन्दा पनि सुरक्षित लगानीसँगै उद्यमशीलतामा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जिल्लाका कूल ६७० वटा सहकारीमध्ये ३६० भन्दा बढी पोखरा महानगरपालिकामा क्रियाशील रहेको बरालले जानकारी दिनुभयो । सहकारी संस्थाले आर्थिक गतिविधि चुस्तदुरूस्त गर्दै समयमा सम्बन्धित निकायमा विवरण पेशसहित आयकर भुक्तानी गरेर राज्यप्रति आफ्नो दायित्व पूरा गर्नुपर्नेमा लेखा प्रशिक्षक एवं संघका पूर्व लेखा संयोजक रूद्रनाथ पौडेलको जोड थियो । माछापुच्छ्रे गाउँपालिका-६ रमणीयस्थल अस्तामस्थित अन्नपूर्ण इको भिलेजमा आयोजित अभिमुखीकरणमा संघका उपाध्यक्ष श्रीकान्त ढुङ्गाना र शिक्षा समिति संयोजक रमेश कार्कीले सहकारी संस्थाहरूले शेयर पूँजीभन्दा पनि बचत संकलन नीतिलाई अवलम्बन गर्नुपर्छ भन्नुभयो। कार्यक्रममा १६ जनाको सहभागिता थियो । रासस

## जलवायु परिवर्तनका कारकतत्व .........

यस्ता सम्मेलनमार्फत् हामीले पनि हाम्रा हिमाली बस्ती मात्र नभएर देशमा जलवायु परिवर्तनले पारेका प्रभावका बारेमा विश्वलाई जानकारी गराइरहनुपर्ने उहाँको धारणा थियो ।

राष्ट्रपति भण्डारी सोमबार मनाङ आउनुभएको थियो । उहाँले मनाङमा सांसद पाल्देन छोपाङ गुरूङको एग्रो मनाङ प्रालि स्याउ फार्मको अवलोकन भ्रमण गर्नुभयो। त्यसैगरी गत असारको वर्षाबाट मनाङका केही क्षेत्रमा भएको क्षति र सो बाढी प्रभावित क्षेत्रका बारेमा पनि उहाँले जानकारी लिनुभएको थियो । राष्ट्रपति भण्डारीले जलवायु परिवर्तनका कारण यस हिमाजी जिल्लामा देखापरेका समस्या र अवस्थाका बारेमा पनि जानकारी लिनुभएको थियो ।

प्रतिनिधिसभा सदस्य पोल्देन छोपाङ गुरूङले सञ्चालन गर्दै आएको एग्रो मनाङ प्रालि नेपालकै सबैभन्दा ठूलो स्याउ फार्म हो । यहाँ इटालीबाट बिरूवा ल्याएर गाला, फुजी, गोल्डेन जातका स्याउ लगाइएको छ । ७३५ रोपनी क्षेत्रफलमा उक्त फार्म सञ्चालनमा छ । स्थानीय सरकारका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख एवं सुरक्षा निकायका प्रमुखसँग राष्ट्रपति भण्डारीले यहाँको अवस्थाका बारेमा सामान्य सोधपुछ गर्नुभएको थियो।

विजया दशमी तथा शुभ दिपावलीको
पावन अवसरमा सबैमा सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हाम्रा उपलब्ध सेवाहरु :
१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा ।
४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा ।
६) ड्रेसिङ्, सुचरिङ्ग र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

विजय दशमी, शुभदिपावली तथा छठ पर्वको पावन अवसरमा हाम्रा समस्त ग्राहक, शुभचिन्तक एवं सम्पूर्ण देशबासि महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।
प्रो. शिवलाल अधिकारी
एस.के. दाजुभाई सप्लायर्स हार्डवेयर
ब्यास-२, भोर्लेटार चोक, दमौली, तनहुँ । मो. ९८४८४२७१०८, ९८५६०६०१०७
घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरू सुपथ मूल्यमा उपलब्ध गराइन्छ

शुभ दिपावली, सम्वत् ११४२ तथा छठ
पर्वका अवसरमा सबैमा सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं
प्रो. राज श्रेष्ठ
Dr. Mobile Care
Bandipur-1, Dumre, Tanahun (Kusum Plaza Way to Lamjung) 065-580600, 9846195095
Mobile sales/repair, Lock/Unlock, Hardware/Software, Color Printing/ Photocopy, E-sewa/IMEPay/Dishhome, Parts & Accessories

शुभ दिपावली, सम्वत् ११४२ तथा छठ
पर्वका अवसरमा सबैमा सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं
प्रो. राम जोशी
Hotel Mustang Plaza
बन्दिपुर-१, डुम्रे, तनहुँ । मो. ९८२४१८५१६६
पारिवारिक वातावरणमा आरामदायिक वास, स्वादिष्ट खाना, खाजाका लागि हामीलाई सम्झनुहोस् । साथै बर्थडे पार्टी, विह भोजका लागि पनि सेवा उपलब्ध छ

शुभ दिपावली, सम्वत् ११४२ तथा छठ
पर्वका अवसरमा सबैमा सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं
तारा प्रसाद श्रेष्ठ
अध्यक्ष (९८५६०६०६०७)
श्री रत्नहरि मेमोरियल अस्पताल प्रा.लि.
व्यास-४, भोर्लेटारचोक, दमौली, तनहुँ । फोन : ०६५-५६०१०२, ५६१९९४ (९८४६६१५२५७ एम्बुलेन्स)

शुभ दिपावली, सम्वत् ११४२ तथा छठ
पर्वका अवसरमा सबैमा सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं
प्रो. बुद्धिमान श्रेष्ठ/सन्दिप श्रेष्ठ
श्रेष्ठ इलेक्ट्रोनिक्स
बन्दिपुर-१, चन्द्रावतीचोक, डुम्रे, तनहुँ
विभिन्न ब्रान्डका मोबाइल तथा मोबाइलका पार्टपुर्जा, स्पीकर, यरफोन लगायतका सामाग्रि चाहिएमा हामीलाई सम्झनुहोस् ।

शुभ दिपावली तथा छठ पर्वका अवसरमा हामी, हाम्रा समस्त शुभचिन्तक, आफन्तजन एवं विरामी वर्गहरूमा सु-स्वास्थ्य, दीर्घायूको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्न चाहन्छौं ।
भरत पोखेल
अध्यक्ष तथा संचालक
ढोरवाराही डेण्टल केयर सेन्टर
व्यास-४, भोर्लेटारचोक, दमौली । सम्पर्क : ९८४६०६५१०२

शुभ दिपावली, सम्वत् ११४२ तथा छठ
पर्वका अवसरमा सबैमा सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं
MD. Santosh K. Shrestha
9856030026, 9846021916
Ramlal Bhumi
9841596958
SANTOSH HOTEL
व्यास-२, मालपोत लाइन, दमौली, तनहुँ ।
come as guest, go as friend
Our Services :
फोन : ०६५-५६३१४३, ५६३९००
Deluxe Room with AC, Parking Facility, Catering to Party, Seminar Hall

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**अतिरिक्त पुस्तक खरिदका लागि देउसी भैलो :** तनहुँको भानु नगरपालिका-१३ मिर्लुङ ठूलोढुंगा स्थित अरनिको माध्यमिक विद्यालयका शिक्षक विद्यार्थीहरू देउसी भैलो खेल्दै । विद्यालयमा अतिरिक्त पुस्तक खरिदका लागि आवश्यक रकम जुटाउन शिक्षक तथा विद्यार्थीहरूले स्थानीय गाउँगाउँमा पुगेर देउसी भैलो खेल्न थालेका छन् । *तस्विर : भञ्ज्याङ*

## facebook twitter



**सविन के.सी**
twitter.com/kcsabin2014
सबैसँग बिचार मिल्नुपर्छ भन्ने छैन विचार नमिल्दैमा कुविचार सोच्नै पर्छ भन्ने पनि छैन ! तर यहाँ उल्टो भैदिन्छ, जब बिचार मिल्दैन सबै कुरा नकारात्मक नै छ भन्ने सोच्न थालिन्छ जुन हामी मानव भित्र रहेको अबगुण मध्यको एक उदाहरण हो ।



**मदन मोहन**
twitter.com/Madankkharel
त्यसो त सफल र सक्षम मानिसहरू हार जित अनि कसैको चर्चा आलोचना भन्दा अलि फरक स्थानमा बसेका हुन्छन्, ऊनीहरू केवल आफ्नै श्रम र सिर्जनाको दुनियाँमा रमाउँने गर्छन्..!



**सिर्जु शाह**
twitter.com/srijushah
कोही मानिस मन पर्नु, राम्रो लाग्नु मानिसका स्वभाविक गुण हुन्, धेरै मानिस राम्रो लाग्न सक्छन्, मन पर्न सक्छन्, तर मन पर्यो राम्रो लाग्यो भन्दैमा कसैको ब्यक्तीगत जिवनमै असर पार्ने खालका ब्यबहार गर्न भने पाईदैन ।

# एमाले एक्लैले बहुमत ल्याउँछ : अध्यक्ष ओली

**रासस**/चितवन

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आगामी संसदीय निर्वाचनमा पार्टीले एकल बहुमत ल्याउने बताउनुभएको छ। नेकपा (एमाले) भरतपुर महानगर कमिटीको प्रथम महानगर अधिवेशनमा आज यहाँ उहाँले कसैसँग नमिलिकनै एमालेले बहुमत ल्याउने बताउनुभएको हो। पार्टीको १०औँ महाधिवेशन सम्पन्न गरेर निर्वाचनको तयारीमा जुट्ने भन्दै उहाँले भन्नुभयो, 'हामीले एकल बहुमत ल्याउनुपर्छ । प्रत्यक्षमा र समानुपातिकमा कम्तीमा ५०/५० प्रतिशतभन्दा बढी ल्याउनैपर्छ, त्यसको तयारी गर्नुहोस्, एमाले वैशाखी टेकेर होइन, एक्लै चुनावमा जान्छ ।' नेकपा एमाले बहुमतको संकल्पका साथ अघि बढेको भन्दै उहाँले कसैको तागतले रोक्न नसक्ने बताउनुभयो ।

पाँच दलीय गठबन्धन निर्वाचनसम्म मिल्ने चर्चा चलिरहेको भन्दै उहाँले भन्नुभयो, 'जोजो मिलेर आए पनि एमालले सामना गर्छ ।' एमालेले लोकतन्त्रमा विश्वास गर्ने भन्दै उहाँले जनताले दिएको प्रत्येक मतलाई सम्मान गर्ने बताउनुभयो। उहाँले भन्नुभयो 'अब फेरि कसैले मतपत्र च्यातेर चुनाव जित्छु भन्ने सपना नदेख्दा हुन्छ ।' आफूहरू तीनै तहमा बहुमत ल्याउने संकल्पका साथ अगाडि बढेको



बताउँदै उहाँले रोक्न सके रोक्नका लागि विपक्षी दलहरू समक्ष चुनौती दिनुभयो ।

नेकपा (एमाले) पदका लागि नभएर देश बनाउनका लागि खुलेको पार्टी भएको भन्दै उहाँले यसका कार्यकर्ता यसैतर्फ केन्द्रित हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'हामी समाजवाद ल्याउन चाहन्छौँ, समाजवादको आधार तयार पार्न 'समृद्ध नेपाल सुखी नेपाली'को नारालाई साकार पार्नुपर्छ ।' समाजवादको आधार तयार पार्ने बाटो र विधि जनताको बहुदलीय जनवाद भएको बताउँदै ओलीले भन्नुभयो, 'हामी देश बनाउन हिँडेका हौँ, पाँच दलीय गठबन्धन भत्काउन हिँडिरहेका छन् ।'

पार्टीको अधिवेशनमा पारस्परिक अन्तरविरोधलाई त्यागेर भविष्यका लागि मिलेर जान आवश्यक रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, 'हिजो के के भयो भन्ने बिर्सिनुहोस्, अब पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढ्नुहोस् ।' उहाँले चितवनका सबै क्षेत्रमा निर्वाचन जित्ने गरी लाग्न निर्देशन दिनुभयो । सो अवसरमा एमाले स्थायी कमिटी सदस्य रामबहादुर थापा बादलले नेपाललाई राजनीतिक अस्थिरताको भुमरीमा धकेलिएको र फसाइएको भन्दै देशी विदेशी प्रक्रियावादीहरूले षड्यन्त्र गरिरहेको बताउनुभयो । आगामी निर्वाचनबाट जनताको मतबाट एमालेले देशको नेतृत्व गर्ने उहाँले बताउनुभयो । देशमा समृद्धि र विकाससँगै अगाडि बढाएर राष्ट्रिय स्वाधीनताको जिम्मेवारी नेकपा एमालेको काँधमा आएको उहाँको भनाइ थियो ।

एमाले नेता प्रभु साहले केपी ओली बाचुञ्जेल साथ दिने भन्दै सच्चा कम्युनिष्ट नेतृत्व एमालेले गरेको बताउनुभयो । उहाँले आगामी निर्वाचनमा प्रदेश २ एमालेमय बन्ने दाबी गर्नुभयो । कार्यक्रममा एमाले नेता सुरेन्द्र पाण्डे, माधव ढुङ्गेल, रामप्रसाद न्यौपानेलगायतले बोल्नुभएको थियो । अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

# पचासी हजार घरमध्ये ६६ हजार घरमा बसोबास

**रासस**/गोरखा

गोरखा जिल्लामा करिब ८५ हजार घर सूचीकरण भएकामा झण्डै १९ हजारमा मानिसको बसोबास नभएको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ को पहिलो चरणको कार्यक्रमअन्तर्गत जिल्लाभित्र गरिएको घरपरिवार सूचीकरणमा करिब ८५ हजारको घर सूचीकरण भएकामा त्यसमध्ये करिब ६६ हजार घरमा मानिस बसोबास गरेको पाइएको तथ्याङ्क कार्यालयका प्रमुख महेशप्रसाद ढुङ्गानाले जानकारी दिनुभयो । जिल्लाभित्र यही भदौ ३० गतेदेखि असोज १८ गतेसम्म गरिएको घरपरिवार सूचीकरणको प्रारम्भिक तथ्याङ्कअनुसार १९ हजारभन्दा बढी घरमा मानिस बसोबास नरहेको पाइएको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको उहाँले बताउनुभयो । मानिस बसोबास नभएका घरमध्ये केही बसाइँसराइ गरी गएका तथा बाहिर घर भएर पनि भूकम्पीय जोखिममा रहेको पाइएको प्रमुख ढुङ्गानाले जानकारी दिनुभयो ।

प्रारम्भिक तथ्याङ्कमा जिल्लामा ६६ हजार घरमा मानिसको बसोबास भए पनि परिवारको संख्या भने करिब ७१ हजार रहेको छ। 'तथ्याङ्क संकलनका क्रममा कतिपय एउटा घरमा दुई परिवारसमेत बसोबास गरेको पाइएको छ, उहाँले भन्नुभयो,"जसले गर्दा मानिस बसोबास गरेको घरको संख्याभन्दा परिवारको सङ्ख्या झण्डै पाँच प्रतिशतले बढी हुन आएको छ ।"

घरपरिवार सूचीकरणको तथ्याङ्क संकलनमा खटिएका ९८सुपरीवेक्षले जिल्लाभित्र रहेका कृषिको लगत, सरकारी अनुदानमा घर निर्माण भए नभएको, प्राविधिक शिक्षा लिए नलिएको, बैंकसँग ऋण लिए नलिएको बारेमा पनि तथ्याङ्क सङ्कलन गरिएको थियो । जिल्लामा यही कात्तिक २५ गतेदेखि हुने मुख्य जनगणनाका लागि ४०२ गणक परिचालन हुनेछन् । जनगणनाका लागि विभिन्न पाँच केन्द्र निर्धारण गरिएको कार्यालय प्रमुख ढुङ्गानाले जानकारी दिनुभयो । 'मेरो गणना, मेरो सहभागिता' भन्ने मूल नारासहित हुने जनगणनामा खटिने कर्मचारीलाई सहयोग गरी सक्रिय सहभागिता जनाउन सबैलाई आग्रह गरिएको छ।

एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आवश्यकतालाई ध्यान दिएर योजना बनाउनुपर्छ : श्रममन्त्री श्रेष्ठ

**भञ्ज्याङ समाचारदाता**/दमौली

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जनताकाआधारभूत आवश्यकतालाई ध्यान दिएर स्थानीय तहले योजना बनाउनुपर्नेमा जोड दिएका छन् ।




जिल्ला समन्वय समिति तनहुँले सोमबार बन्दिपुर गाउँपालिका-५ याम्पामा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा उनले स्थानीय तहको योजना जनताको आवश्यकतामा केन्द्रित हुनुपर्ने बताएका हुन् । विकास निर्माणका सवालमा सबै राजनीतिक दलबीच सहमति र सहकार्य हुनुपर्नेमा जोड दिँदै मन्त्री श्रेष्ठले विकासका काममा राजनीति गर्न नहुने र समृद्ध तनहुँ बनाउन सबैले हातेमालो गर्नुपर्ने धारणा व्यक्त गरे ।

प्रतिनिधिसभा सदस्य कलिला खान, राष्ट्रियसभा सदस्य प्रकाश पथ, गण्डकी प्रदेशसभा सदस्य रामबहादुर गुरूङ, सरिता गुरूङ, जिल्ला समन्वय समिति प्रमुख शान्तिरमण वाग्ले, ब्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपाने लगायतले एक वर्षको अवधिमा भएका उपलब्धि र कार्यक्रम कार्यान्वयनमा भोग्नुपरेका समस्याबारे वार्षिक समीक्षा गोष्ठीले निश्कर्ष निकाल्ने बताउँदै स्थानीय तहले गरेका राम्रा कामलाई सञ्चारमाध्यमको सहयोगमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिए ।

समीक्षा गोष्ठीमा ब्यास, शुक्लागण्डकी र भीमाद र भानु नगरपालिका तथा घिरिङ, देवघाट, बन्दीपुर, आँबुखैरेनी, ऋषिङ र म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले आ-आफ्नो पालिकाको वार्षिक प्रगति विवरण सार्वजनिक गरेका थिए ।

# म्याग्देमा साँस्कृतिक कार्यक्रम

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

नेपालीहरूको दोश्रो ठूलो पर्व तिहार अर्थात दिपावलीका अवसरमा तनहुँको म्याग्देमा साँस्कृतिक कार्यक्रम गरिने भएको छ । म्याग्दे-२ को शिव शक्ति युथ क्लव पिपडिहीले चर्चित कलाकारहरूको उपस्थितिमा कात्तिक १७ गते साँस्कृतिक कार्यक्रम गर्न लागेको हो । क्लबको १४औँ वार्षिकोत्सवका अवसरमा आयोजित साँस्कृतिक कार्यक्रममा बिन खाति सहित कृष्ण सुवेदी, सरस्वती लामिछाने, साजना बास्तोला, मिठ्ठु झा लगायतका कलाकारहरूको प्रस्तुती रहने बताइएको छ ।

यस्तै, कात्तिक १८ गते नवपसले युवा क्लवले पनि पसलेमा विविध साँस्कृतिक कार्यक्रम गर्ने भएको छ । चाडपर्वले सबैलाई राष्ट्रिय एकता, शान्ति र सद्भाव कायम राख्न मद्दत पुग्ने हुँदा त्यसैलाई मध्यनजर गरी साँस्कृतिक कार्यक्रम गर्न लागिएको क्लवका अध्यक्ष आशिष श्रेष्ठले बताए।

# व्यास १ को वडा कार्यालय ........

दिइएको बताउँदै नगरप्रमुख न्यौपानले नगरपालिकाबाट बिनियोजित करिब ७० लाखको लागतमा भवन निर्माण सम्पन्न भएको बताए ।

स्थानीय छविजंग बंशी ठकुरीले करिब चालिस लाख रूपैयाँ मूल्य बराबरको आठ आना जग्गा निःशुल्क उपलव्ध गराएपछि भवन निर्माण गरिएको वडाध्यक्ष खरसिंह दरैले बताए। वडा कार्यालयको लागि जग्गा अपुग हुने देखिएकोले थप आठ आना जग्गा खरिदको लागि प्रक्रिया अघि बढाइएको बताइएको छ । विपद् र कोभिडका कारण सोचे अनुरूप अझै काम गर्न नसकेको र नगरपालिकाले दुई चरणमा गरी उक्त बजेट बिनियोजन गरेपछि तीन ढलानको भवन निर्माण गरिएको बताइएको छ ।

भवन उद्घाटन समारोहमा जग्गा दाता ठकुरीलाई दोसल्ला र प्रमाणपत्रले सम्मानित गरिएको थियो। वडाध्यक्ष दरैको सभापतित्वमा आयोजित कार्यक्रममा नगरपालिकाकी उपप्रमुख मिरा जोशी, प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देल, नेकपा समाजबादी केन्द्रीय सदस्य प्रतापलाल श्रेष्ठ, कांग्रेसका जिल्ला सचिव बिश्व बास्तोला, जिल्ला समन्वय समितिका सदस्य केश बहादुर सुनार, संस्थापक नगरप्रमुख ताराप्रसाद श्रेष्ठ, वडा भवनको जग्गा छनौट समितिका अध्यक्ष रमेशचन्द्र हडखले, कांग्रेस व्यासनगर सभापति सूर्यचन्द्र हड्खले, नेकपा एमाले व्यास नगर कमिटी सचिव ज्ञानेन्द्र बसौला, भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष चिजबहादुर दरै, टोल संस्थाको तर्फबाट मणिजंग बस्नेत लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४